www.xtrapapers.com



Diploma Programme
Programme du diplôme
Programa del Diploma

# Nepali A: literature – Higher level – Paper 1
# Népalais A : littérature – Niveau supérieur – Épreuve 1
# Nepalés A: literatura – Nivel superior – Prueba 1

Friday 8 May 2015 (afternoon)
Vendredi 8 mai 2015 (après-midi)
Viernes 8 de mayo de 2015 (tarde)

2 hours / 2 heures / 2 horas

---

**Instructions to candidates**

- Do not open this examination paper until instructed to do so.
- Write a literary commentary on one passage only.
- The maximum mark for this examination paper is **[20 marks]**.

**Instructions destinées aux candidats**

- N’ouvrez pas cette épreuve avant d’y être autorisé(e).
- Rédigez un commentaire littéraire sur un seul des passages.
- Le nombre maximum de points pour cette épreuve d’examen est de **[20 points]**.

**Instrucciones para los alumnos**

- No abra esta prueba hasta que se lo autoricen.
- Escriba un comentario literario sobre un solo pasaje.
- La puntuación máxima para esta prueba de examen es **[20 puntos]**.



2215–0141
© International Baccalaureate Organization 2015

International Baccalaureate
Baccalauréat International
Bachillerato Internacional

www.xtrapapers.com



तल दिइएका कुनै **एक**को साहित्यिक टिप्पणी लेख्नुहोस् :

**1.**

**शशिधर** - (शानदार आवाजमा) महाशय, तपाईंको कबूललाई समातेर तपाईंलाई छेकेर चुत्थो बन्न चाहन्नँ । तपाईं आफ्नो कबूललाई फिर्ता लिएर मुक्ति पाउन सक्नुहुन्छ ।

**लीलाबहादुर** - (५०रुपियाँको नोट गनेर खल्तीबाट शशिधरको पाण्डुलिपि र अर्को खल्तीबाट अरू लेखेको पाण्डुलिपि झिकेर देखाउँदै) लौ हेर्नुहोस्, तपाईंको उपन्यास यही हो, उनको हेर्नोस् कत्रो छ ? यसको त १०० रुपियाँ भएपछि तपाईंको उपन्यासलाई पचास रुपियाँ दिएकोमा केही अन्याय छैन ।

**शशिधर** - (भूईंमा गनिराखेको रुपियाँ टिपी फर्काउँदै) तपाईं सस्तो पुरस्कारमै पाएको उपन्यास छपाउनुस् । म १०० रुपियाँमा एक पैसा मात्र घटी पनि लिन चाहन्नँ । किनभने यो मैले पैसाको निम्ति लेखेको उपन्यास होइन । आजसम्मको मेरो जीवन घोटेर लेखेको यो मेरो अहिलेसम्मको एउटै मात्र उपन्यास हो ।

**मधुकर** - (खेदको भावमा) बा, रुपियाँ किन फर्काउनुभएको, भइगयो, त्यति भए पनि लिनुहोस्, औषधि गर्न पाएर मैले बाँच्न त पाउँला ।

**शशिधर** - (खूब जागेर) चूप लाग् पाजी, औषधि गर्न नपाएर मर्लास्, तँजस्तो खाएर बाँच्न चाहने कीरा मरेर संसारलाई केही नोक्सान हुने छैन ।

**निर्मला** - (सम्झाएको भावमा) बिरामीको बुद्धि ठेगानमा हुँदैन, भइगयो नकराउनुहोस्, भर्खर अलिक बेस जस्तो भएको छ । (लुकेर आँसु पुछ्न खोजी मधुकरलाई कोल्टो फर्काउँछिन् ।)

**शशिधर** - (लीलाबहादुरप्रति) तपाईंलाई रचनाको मूल्य थाहा छैन, पेजको मात्रै तपाईंलाई हिसाब छ भने बेग्लै कुरा हो नत्र लेखक यस्तो अपमान सहन सक्तैनन्, तपाईंले मेरो ठूलो अपमान गरिरहनुभएको छ ।

**लीलाबहादुर** - प्रकाशकहरूलाई गर्नुभएको आक्षेप एक टुका झिकेर मिलाउनुहोस् त ।

**शशिधर** - मैले तपाईंलाई हानेर लेखेको त छैन ।

**लीलाबहादुर** - तैपनि ।

**शशिधर** - तपाईं आफैं अपनाउनुहुन्छ भने मेरो के लाग्छ ?

**लीलाबहादुर** - त्यो नझिकिकन त म छाप्न चाहन्नँ ।

**शशिधर** - (अलि शानसित) छाप्न चाहनु नचाहनु तपाईंको खुशी । आफ्नो आँखाले देखेको सत्य कुराको हत्या गर्न चाहन्नँ । लेखक कुनै भाट होइनन्, जो केवल स्तुतिको निम्ति आत्मा बेचेर हिंड्दछन्, लेखक कुनै नट होइनन्, जो चार पैसा बक्सिसको निम्ति नाचेर हिंड्दछन्, लेखक कुनै खुशामदी होइनन्, जो आफ्नो गौरवको उपहार दिएर कसैलाई खुशी तुल्याएर हिँड्दछन् । लेखक माटो मीठो पार्न जान्दछन्, घाँसलाई स्वादिलो पार्न जान्दछन्, धेरै दिनको सट्टा थोरै बाँच्न परेकोमा लेखक अपशोच मान्दैनन्, तर उनीहरू असत्यको प्रशंसा कहिल्यै गाउँदैनन् ।

**लीलाबहादुर** - (आफ्नो ५० रुपियाँ नोट र अर्को लेखकको उपन्यासको पाण्डुलिपि खल्तीमा हाली उठेर) तपाईंलाई यत्रो घमण्ड ? (रिसले आँफू हराएको भावमा) यही घमण्डले हेरूँ तपाईंको पुस्तक कसले छाप्दोरहेछ ? पाण्डुलिपि कीराले ध्वस्त भएर पनि तपाईंले किताब छपाउन पाउनुहने छैन । (लीलाबहादुर जान लागेका थिए, यत्तिकैमा मधुकरको आँखा फुस्रो भएर पल्टिरहेको देखेर निर्मला एकाएक चिच्याउँछिन् । अनि शशिधर र लीलाबहादुर पनि दौडेर हेर्न जान्छन् ।)

**मधुकर** - (शशिधरतिर हेरेर हिक्क हिक्क हिक्का लिंदै छटपटाउँदै बोल्न कोशिश गरेर) बा, दुई दिन बाँच्नलाई आत्मसम्मानमा धक्का दिएर म बाँचिरहेको छु । यहाँको कीरा भएर, यहाँका स्वाभिमानीहरूलाई नसताउनका निम्ति यसको प्रायश्चितमा (यहाँनिर हिक्का अझ बढ्छ) अब म नरकको कीरो बन्न जानेछु ।

(यत्तिकैमा ठूलाठूला आँखाले एकैचोटि चारैतिर आँखा घुमाएर हेर्छन् । तत्क्षणात् एक मामुली हिक्का आउँछ, त्यसैमा मधुकरको अन्तिम सास मिसिन्छ ।)

www.xtrapapers.com



(निर्मला छाती पिटीपिटीकन रुन लाग्छिन् । लीलाबहादुर किंकर्तव्यविमूढ भएर उभिइरहन्छन् । शशिधर आँखामा आँसु पुछ्तै मधुकरको लाशनेर बसी एकछिन खूब धैर्यसाथ मधुकरको मुख नियाल्छन्, अनि मधुकरको मुखमा घोप्टिएर रुन्छन् ।)

(शशिधरको यो अवस्था देखेर निर्मलाको धैर्य बिउँझन्छ र दौडेर शशिधरलाई उठाउन खोज्छिन् । लीलाबहादुर पनि उठाउन दौडन्छन् । शशिधरलाई डेग चलाउन सक्तैनन् ।)

**शशिधर** - (रुँदै, विलाप्दै उन्मत्त भावमा फत्फताएर) बाबू ! मेरो मधु ! तिमीलाई मार्ने ज्यानमारा तिम्रै पिता हुन् । तिमीलाई औषधि नगरीकन मात्रै होइन, मुटुको व्यथा भएको बिरामीलाई मुटु फुट्ने वाण हानेर मैले तिमीलाई मारें । (निर्मला र लीलाबहादुरले जबर्जस्तीसित शशिधरलाई उठाउँछन् । शशिधर उठ्तै लकपकाउँदै बोल्छन् ।) ६ महिनाभित्र २, २ छोराको ज्यानमारा भएँ ।

हृदयचन्द्रसिंह प्रधान, "मरुभूमिका लेखक" *साझा एकाङ्की,* २०५२ ।

www.xtrapapers.com



**2.**

विषादको भारी पहाड
टाउकोमा लिई हिँड्दा हिँड्दा
सिसिफसका* पसिनाले निथ्रुक्क भिज्दा
कुनै क्षण टाउको नै भल्केनो भएर, फुटेर
लावाका मथिङ्गल नै छ्यालब्याल हुन खोज्दा
तकिया
तिमीमा यो टाउको बिसाउन नपाएको भए
विरेचित आँसुका नदी
तिम्रा नरम रुमालका हातले नपुछिएको भए
सायद आज
विक्षिप्त कुन आँधीको भुमरीमा बत्तिएर
स्पिरिट जस्तै जल्दै बल्दै
कतै हराउँथें हुँला
तकिया
तिमी मेरो आधार
तिमी मेरो सहारा
मैले अनुभूत गरेको
मायाको प्रगाढ धरातल
तिम्रो काँधले नथामेको भए
कुन चट्टानमा टाउको
पड्कन्थ्यो होला
जल्दो वायुयान भएर
शरीर बल्थ्यो होला
तिमीले मायाको मालामा नबाँधेको भए
कुन सुनामीले बगाउँथ्यो होला
कुन पैह्रोले लछार्थ्यो, पछार्थ्यो होला
तकिया, तिमीसँगको
बाल्यकालदेखिको यो साहचर्य, यो सङ्गाती
मृत्युपर्यन्त
तिमी मलाई थामिरहनेछौ
तिमी मेरो अन्तरमनको व्याकुलताको साथी
तिमी मेरो तातो निश्वासको खलाँती रोक्ने छाती
आउने, जाने, हराउनेहरूभन्दा भिन्न
नितान्त भिन्न
ग्राफ्ट भरिएको अर्धनारीश्वरको रूप
म मुटु, तिमी धड्कन
म नसा, तिमी रगत
म छाला, तिमी मासु
हामी जेरी जस्तै जेलिएका, जोडिएका

www.xtrapapers.com



गुलियो, सुमधुर कडीको आलिङ्गनमा बेह्रिएका
पृथ्वीको विशाल आश्रय र प्रश्रय
स्थलभन्दा अलग
एउटा सानो कोठाभित्रको
आयतनको सेरोफेरोमा
अझै सानो पलङको
योभन्दा पनि सानो
टाउको अड्याउने स्थलको
सुमधुर फूलैफूलको
नरम सुगन्धित बिन्दु जत्रो
देखिने ठूलो संसारभन्दा
पाइने सानो सार
सिन्धु हैन बिन्दु
यही बिन्दुको तकिया भए पुग्छ
जिन्दगी बित्छ, बितिरहन्छ ।

डा.बेन्जु शर्मा, "तकिया" *कफ्र्यू*, २०६८ ।

* सिसिफस: अर्थहीन कठोर मिहिनेत जनाउने ग्रिसेली मिथिकल पात्र